# द टिम्बर कर्पोरेशन अफ नेपाल लिमिटेडको

नियमावलीमा भएको संशोधनको तीन महले विवरण

| साविक व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|
| १. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो नियमावलीको नाम "**द टिम्बर कर्पोरेशन अफ नेपाल लिमिटेड, ( दोस्रो संसोधन) नियमावली २०७१**" रहेको छ ।<br>(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।<br>२. कम्पनीको मूल कार्यालय रहने ठेगाना :- काठमाडौं, नेपाल ।<br>३. कम्पनीको कारखाना कर्पोरेशनको संचालक समितिले तोकेको स्थानमा रहने छ ।<br>४. कम्पनीको उद्देश्य :- प्रबन्ध पत्रमा लेखिए बमोजिम हुनेछ ।<br>५.(क) कम्पनीको अधिकृत पूंजी रु.१०,००,००,०००।- (दश करोड) को हुनेछ । जसलाई रु.१००।- (एक सय) दरको १०,००,००० (दश लाख) कित्ता साधारण शेयरमा बिभाजित गरिएको छ ।<br>(ख) देहायका दफामा उल्लेख गरिएको अख्तियार प्राप्त व्यक्तिले कर्पोरेशनको तर्फबाट नेपाल कम्पनी कानून बमोजिम नेपाल र नेपाल बाहिरबाट ऋण उठाउन सक्नेछ ।<br>**शेयर** :<br>६. नेपाल सरकारले हाल खरिद गरेको कर्पोरेशनको एक वा सबै शेयर प्राइभेट पूंजी लगानी गर्ने व्यक्तिहरुलाई बिक्री गर्न जन साधारण छेउ प्रस्तुत गर्न सक्नेछ ।<br>७. कम्पनीको शेयरहरु पुरा चुक्ता भएको हुनु पर्दछ । तर संचालक समितिले चाहेमा सर्बप्रथम शेयरको मूल्यको ५० प्रतिशत भन्दा कम नहुने गरी त्यसको केही अंक मात्र उठाउन सक्नेछ र बांकी हिसाब दुई किस्तामा उठाई सक्नु पर्दछ ।<br>८. संचालक समितिले निर्णय गरे बमोजिम शेयरहरु नेपाल कम्पनी कानून अनुसार बाँडिने छ !<br>९. समितिको निर्णयानुसार कर्पोरेशनले मागेमा शेयरधनी या निजको उत्तराधिकारीले शेयरको चुक्ता नभएको रकम भुक्तानी गरी दिनेछ । कम्तिमा पन्द्रह दिनको सूचना दिएर गर्नु पर्दछ । साझा गरी शेयर लिएकोमा शेयरवालाहरु व्यक्तिगत र संयूक्त रुपले शेयरको किस्ता भुक्तानी गर्न जवाफदेही हुने छन् । कर्पोरेशनलाई प्रदान गरिएको सेवा र बस्तुहरु बजारको भाउमा शेयरको किस्ता भुक्तानी गर्दा मन्जूर गर्न सकिने छ ।<br>१०. (क) शेयरधनीहरुले यस नियमावलीको कुराहरु र शेयरधनीहरुको साधारण सभामा बहुमतले गरेको निर्णयहरु स्वीकार गरिएको मानिने छ । | १. **कम्पनीको नाम** : यस कम्पनीको नाम नेपाल वन निगम लिमिटेड हुनेछ । जसलाई अंग्रेजीमा "NEPAL BAN NIGAM LIMITED" भनिनेछ ।<br>२. **कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना** : यस **कम्पनीको** रजिष्टर्ड कार्यालय काठमाडौंमा रहने छ । आवश्यकता अनुसार मुलुकका विभिन्न स्थानमा कार्यालय, डिपो, स:मिल तथा उद्योगहरू रहने छन् ।<br>३. **परिभाषा** : **विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-**<br>(क) **"अध्यक्ष"** भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।<br>(ख) **"ऐन"** भन्नाले कम्पनी ऐन, २०६३ सम्झनु पर्छ ।<br>(ग) **"कम्पनी"** भन्नाले कम्पनी ऐन, २०६३ बमोजिम संस्थापित नेपाल वन निगम लिमिटेड सम्झनु पर्छ ।<br>(घ) **"कार्यालय"** भन्नाले कम्पनी रजिष्ट्रारको कार्यालय सम्झनु पर्छ ।<br>(ङ) **"ग्राहक"** भन्नाले कम्पनीसँग कारोबार गर्ने कुनै पनि व्यक्ति, कम्पनी, फर्म, संस्थान, संस्था वा अन्य कुनै प्रतिष्ठान, निकाय समेत सम्झनु पर्छ ।<br>(च) **"छाप"** भन्नाले **कम्पनी**को नामबाट कामकारवाहीका लागि प्रयोग गरिने सामान्य छाप सम्झनुपर्छ ।<br>(छ) **"तरल सम्पत्ति" भन्नाले कम्पनी**को नगद मौज्दात, सम्बन्धित निकायमा राखेको मौज्दात र कम्पनीको तरल सम्पत्ति भनी निर्धारण गरी दिएको सम्पत्ति सम्झनु पर्दछ ।<br>(ज) **"नियमावली"** भन्नाले कम्पनीको नियमावली सम्झनु पर्छ ।<br>(झ) **"पदाधिकारी"** भन्नाले कम्पनीको सञ्चालक, प्रमुख कार्यकारी अधिकृत, लिक्विडेटर वा विभागीय जिम्मेवारी लिने कर्मचारी समेत सम्झनु पर्छ ।<br>(ञ) **"प्रबन्धपत्र"** भन्नाले कम्पनीको प्रबन्धपत्र सम्झनु पर्छ ।<br>(ट) **"प्रमुख कार्यकारी अधिकृत"** भन्नाले कम्पनीको प्रमुख कार्यकारी अधिकृत सम्झनु पर्छ ।<br>(ठ) **"बोनश शेयर"** भन्नाले **कम्पनी**को सञ्चित मुनाफाबाट भएको बचत वा जगेडा कोषलाई पूँजीकरण गरी शेयरधनीहरूलाई अतिरिक्त शेयरको रूपमा जारी गरिएको शेयर सम्झनु पर्छ र सो शब्दले बचत वा जगेडा कोषलाई पूँजीकरण गरी शेयरको चुक्ता मूल्य बृद्धि गरेको अवस्था समेतलाई जनाउँछ ।<br>(ड) **"लाभांश"** भन्नाले **कम्पनीले** आर्जन गरेको मुनाफा मध्येबाट शेयरधनीहरूलाई वितरण गरिने मुनाफाको हिस्सा सम्झनु पर्छ र सो शब्दले मुनाफा मध्येबाट वितरण गरिएको बोनश शेयर समेतलाई जनाउँछ ।<br>(ढ) **"लिखत"** भन्नाले हस्त लिखित, छापिएको, टाइप गरिएको, लिथो गरिएको | नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७६/०२/२३ मा वन पैदावर विकास समितिलाई विघटन गरी समितिमा कार्यरत स्थायी कर्मचारी लगायत सम्पूर्ण सम्पत्ति र दायित्व द टिम्बर कर्पोरेशन अफ नेपाल लिमिटेडमा सार्ने एवं प्रस्तावित वन पैदावार विक्री वितरण केन्द्रको सट्टा नेपाल वन निगम लिमिटेड कायम गर्न सहमती दिने र पेश हुन आएको नेपाल वन निगमको प्रबन्धपत्र र नियमावलीमा सहमती दिने समेतका निर्णय भएको । वन तथा वातावरण मन्त्रालयको नेपाल राजपत्र भाग ५ मिति २०७६/०३/१६ मा प्रकाशित सूचना अनुसार नेपाल सरकारले विकास समिति ऐन, २०१३ बमोजिम गठन भएको वन पैदावार विकास समितिलाई सोही ऐनको दफा ८ बमोजिम विघटन गरी सो समितिमा कार्यरत स्थायी कर्मचारी, त्यसको सम्पूर्ण सम्पत्ति र दायित्व दि टिम्बर कर्पोरेशन अफ नेपाल लिमिटेडमा सार्ने निर्णय भएकोले मन्त्रिपरिषद्को निर्णय र वन तथा वातावरण मन्त्रालयको राजपत्रमा प्रकाशित सूचना बमोजिम कम्पनीको नाम परिवर्तन, कार्यक्षेत्रको विस्तार, संचालक समिति लगायत संगठन र पूंजी बृद्धिमा पुन: संरचना गर्न प्रबन्धपत्र तथा नियमावलीमा समेत संशोधन गर्नु पर्ने भएको । |

| साविक व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|
| (ख) शेयरधनीका उतराधिकारीहरुले, आफू बैधानिक अधिकारले युक्त भएपछि मात्र मृत शेयरधनीको अधिकार प्राप्त गर्नेछ । शेयरधनीहरु वा निजका साहू या मृत शेयरधनीको जायज्यथाको व्यवस्था गरी आएको उत्तराधिकारीले कुनै हालतमा पनि न कर्पोरेशनको प्रशासन या संचालनमा हस्तक्षेप गर्न सक्ने छ र न कर्पोरेशनका सम्पति जफत या बिक्री गर्न सक्ने छ ।<br>११. (क) कर्पोरेशनको लागि शेयरको हरेक प्रमाण-पत्र एक अबिभाज्य इकाई हो । साझा गरी शेयर लिएकोमा या बैधानिक ब्यक्तिले किनेको खण्डमा शेयरको मालिकले एक रजिष्टर्ड गरिएको आफनो प्रतिनिधिद्वारा कर्पोरेशनसंग ब्यवहार गर्नेछ । त्यस्तो रजिष्टर्ड गरिएको प्रतिनिधिलाई त्यस शेयरहरुको मालिक सरह कर्पोरेशनबाट मानिनेछ ।<br>(ख) शेयरहरुको रजिष्टर्ड गरिएको मालिक बाहेक अरु कुनै भोग बन्धक मालिक भएमा सो भाग बन्धक मालिकले रजिष्टर्ड गरिएको मालिकहरु द्वारा कर्पोरेशनसंग ब्यवहार गर्नेछ ।<br><br>**शेयरको प्रमाण-पत्र**<br>१२. शेयरको प्रमाण-पत्र बितरण गर्दा हरेक प्रमाण पत्रमा नम्बर दर्ता गरिनेछ र त्यसमा अध्यक्ष र समितिको एक संचालकले दस्तखत गरी कर्पोरेशनको छाप लगाइने छ । सबै प्रमाण पत्रहरु किताबको रुपमा राखिने छ र त्यस पछि क्रमानुसार बितरण गरिने छ साथै त्यसको छेउमा शेयरधनीहरुको नाम, शेयरको संख्या र मिति लेखिने छ । साटिएको वा फर्काइएको सबै प्रमाण पत्रहरु रद्द गरिने छ र रद्द गरिएको मिति त्यसमा उल्लेख गरिने छ । यस्तो प्रमाण पत्रहरु प्रमाण पत्र किताबको यस्तो प्रमाण पत्रहरु बितरण भएको कुरा जनाइएको ठाउंमा टांसिने छन् ।<br>**शेयर दाखिल खारिज गर्ने**<br>१३. शेयरधनी या निजको अख्तियार प्राप्त प्रतिनिधिले शेयर दाखिल खारिज गर्दा शेयरको प्रमाण पत्र पेश गर्नु पर्दछ र सो दाखिल खारिज कर्पोरेशनको खातामा जनाइने छ ।<br>१४. कर्पोरेशनको शेयर पूंजी बृद्धि गरिएमा, त्यस्तो बृद्धि गरिने समयमा भएको कर्पोरेशनको सच्चा (द्ययलबाष्म्भ) शेयरधनीहरुले आफूले लिई राखेको शेयरको संख्याको अनुपातमा नयां शेयरहरु पर भ्याल्यु (एभच ख्बगिभ) मा किन्न पाउने छन् ।<br>१५. प्रमाण पत्र पढ्न न सकिने भएमा वा च्यातिएमा सो प्रमाण पत्र समितिमा पेश गरी नयां प्रमाण पत्र लिन सकिने छ । प्रमाण पत्र | वा अन्य कुनै किसिमले हुबहु प्रस्तुत वा पुनःउत्पादन गरिएको कुनै पनि लिखत सम्झनुपर्छ । सो शब्दले फोटोकपी, माईक्रोफिल्म, कम्पनीले उपयोगमा ल्याएको सूचना प्रणाली तथा कम्प्यूटर सफ्टवेरबाट नियमित रूपमा उत्पत्ति हुने स्टेटमेन्ट, प्रतिवेदन, सूचना समेतलाई जनाउँछ ।<br>(ण) **"शेयर"** भन्नाले कम्पनीको शेयर पूँजीको विभाजित अंश सम्झनु पर्छ ।<br>(त) **"शेयरधनी" भन्नाले कम्पनी**को शेयरमा स्वामित्व भएको निकाय सम्झनु पर्छ ।<br>(थ) **"शेयर प्रमाणपत्र"** भन्नाले **कम्पनी**को शेयर किन्ने निकायलाई कम्पनीबाट प्रमाणको रूपमा दिईएको निस्सा सम्झनुपर्छ ।<br>(द) **"समिति"** भन्नाले **कम्पनीको** सञ्चालक समिति सम्झनु पर्छ ।<br>(ध) **"सभा"** भन्नाले कम्पनीको साधारणसभा सम्झनु पर्छ ।<br>(न) **"सञ्चालक"** भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष र प्रमुख कार्यकारी अधिकृत समेतलाई जनाउनेछ ।<br>(प) **"संस्थापक"** भन्नाले ऐन बमोजिम कम्पनीको स्थापना गर्नको लागि प्रबन्धपत्र र नियमावलीमा शेयर लिन कबुल गरी संस्थापकको हैसियतले हस्ताक्षर गर्ने निकायलाई सम्झनु पर्छ ।<br>(फ) **"सार्वजनिक निकाय"** भन्नाले क़ानूनद्वारा स्थापित नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको वा अनुदानमा सञ्चालित सङ्गठित संस्था वा निकायलाई सम्झनु पर्छ ।<br>(ब) **"साधारणसभा"** भन्नाले **कम्पनी**को शेयरधनीहरूको बार्षिक साधारणसभा र विशेष साधारणसभा सम्झनु पर्छ ।<br>४. **कम्पनीको उद्देश्य** : कम्पनीको उद्देश्य प्रबन्धपत्रको दफा ४ मा उल्लेख भए बमोजिम हुनेछ ।<br><br>**परिच्छेद - २**<br>**शेयर पूँजी तथा ऋण**<br><br>५. **शेयरको अंकित मूल्य : यस कम्पनीको** प्रति शेयरको अंकित मूल्य रु.१००/- हुनेछ ।<br>६. **शेयरमा लियन रहने कुरा** : शेयरधनीहरूले **कम्पनी**लाई तिर्न बाँकी रहेको शेयर बापतको रकम वा **कम्पनी**लाई कानून बमोजिम बुझाउनु पर्ने बाँकी रकमबापत निजहरूको नाममा दर्ता भएको शेयर र सोबापत बाँडिने लाभांशमा कम्पनीको लियन वा दाबी रहनेछ ।<br>७. **विभिन्न वर्गका शेयरहरू जारी गर्ने भए त्यस्ता शेयरको वर्ग, त्यसमा निहित शेयरधनीको हक, अधिकार तथा बन्देजहरू** : साधारण शेयर बाहेक अन्य वर्गका शेयरको सम्बन्धमा हाललाई कुनै व्यवस्था गरिएको छैन । साधारण शेयरको समूहगत संरचना प्रबन्धपत्रको दफा ८ मा उल्लेख गरिए बमोजिम हुनेछ । | |

| साविक व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|
| हराएमा वा नष्ट भएमा समितिलाई पत्यार हुने किसिमको प्रमाण पेश गरेमा मात्र नया प्रमाण पत्र प्राप्त हुनेछ ।<br>१६. कर्पोरेशनले नयां प्रमाण पत्र बितरण गर्दा कर्पोरेशनको संचालक समितिले तोके बमोजिमको दस्तुर लिनेछ ।<br>१७. किस्ता भुक्तानी नगरेको रकममा सैकडा सात ब्याज लगाइनेछ ।<br>१८. भुक्तानी हुन बांकी रहेको किस्ता र त्यसमा लागेको ब्याज बुझाउन ल्याउन शेयरधनीहरुलाई कम्तिमा तीन हप्ताको म्याद राखी संचालकहरुले सूचना पठाउन सक्छन् । त्यस अवधि भित्र बुझाउन नल्याएमा किस्ता भुक्तानी नभएको शेयर जफत गरिने छ र त्यस्तो जफत भएको शेयरमा लगाई राखेको पैसा फिर्ता गर्न कर्पोरेशन बाध्य हुने छैन ।<br>१९. यसरी जफत गरिएको शेयर कर्पोरेशनको सम्पति हुन जानेछ र नयां शेयर बिक्री गर्ने तरिकाले फेरी बिक्री गर्न हुन्छ ।<br>२०. कर्पोरेशनले किस्ता भुक्तानी नभएको शेयर बाहेक शेयरधनीहरुले बेच्न ल्याएको कुनै शेयर पनि संचालकहरुले निर्णय गरेको शर्तमा किन्न सक्ने छ ।<br>२१. किस्ता भुक्तानी नगर्ने अथवा कर्पोरेशनलाई ऋण तिर्नु पर्ने शेयरधनीहरुको शेयर र लाभांशमा कर्पोरेशनको पहिलो हक हुने छ ।<br>२२. (क) कर्पोरेशनको पूंजी बढाउन, घटाउन, बिभाजन गर्न वा सम्मिलित गर्नु परेमा समितिले त्यसको लागि सिफारिस गरी शेयरधनीहरुको सभामा पेश गर्ने छन । शेयरधनीहरुको स्विकृति भएपछि नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयको स्विकृति लिई कर्पोरेशनको पूंजीमा त्यस किसिमको परिवर्तन गर्न सकिने छ ।<br>(ख) तर कर्पोरेशनबाट थप शेयर जारी गर्दा नयां शेयर जारी नगरी, समितिको निर्णयानुसार कर्पोरेशनको साधारण संचित खातामा जम्मा हुन आएको नाफा शेयरको रुपमा शेयरधनीलाई उनीहरुले लिई राखेको शेयरको अनुपातमा बितरण गरी कर्पोरेशनको पूंजी बढाउन सकिने छ ।<br>२३. कर्पोरेशनलाई चाहिने ऋण नेपाल र नेपाल बाहिरबाट उठाउने र सो ऋण लिंदा हुने सम्झौताको शर्तहरु अनुसार त्यस ऋणको प्रयोग र संचालन गर्ने अख्तियार संचालकहरुलाई दिइएको छ ।<br>२४. कर्पोरेशनले आफनो कुनै सम्पति धितो राखी ऋण लिएमा सो नेपाल कम्पनी कानून अनुसार रित पुर्‍याएर रजिष्टर गरिने छ ।<br>२५. कर्पोरेशनको नाफा बितरण गर्नु अगावै संचालकहरुको तजबिजले पर्याप्त | ८. **नियम ७ बमोजिम जारी भएको शेयर खरीद गर्ने शेयरधनीको अधिकारमा हेरफेर गर्दा सम्बन्धित वर्गका शेयरधनीहरूको स्वीकृति चाहिने वा नचाहिने** : हाल विभिन्न वर्गका शेयरहरू जारी गरिएको छैन । सो सम्बन्धी व्यवस्था गर्नु परेको खण्डमा प्रचलित कानूनको अधीनमा रही सम्बन्धित निकायको स्वीकृति लिई विभिन्न वर्गका शेयर खरीद गर्ने शेयरधनीका अधिकारीमा हेरफेर गर्दा त्यस्ता वर्गका शेयरधनीहरूको स्वीकृतिको सम्बन्धमा आवश्यक व्यवस्था गर्न सकिनेछ ।<br>९. **अग्राधिकार शेयर** : कम्पनीको सम्पूर्ण शेयरहरू साधारण शेयरले बनेको हुँदा हाल अग्राधिकार शेयर सम्बन्धी व्यवस्था गरिएको छैन । सो शेयर सम्बन्धी व्यवस्था गर्नु परेको खण्डमा प्रचलित कानूनको अधीनमा रही सम्बन्धित निकायको स्वीकृति लिई अग्राधिकार शेयर जारी गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न सकिने छ ।<br>१०. **संस्थापकले लिनुपर्ने शेयर** : कम्पनीको संस्थापक हुन कम्पनी स्थापना गर्ने समयमा कम्पनी रजिष्ट्रार कार्यालयमा पेश गरिएको प्रबन्धपत्र तथा नियमावली अनुसार कम्तीमा १,००० कित्ता शेयर लिएको हुनु पर्नेछ ।<br>११. **शेयरबापतको रकमको भुक्तानीको माग तथा शेयर जफत सम्बन्धी व्यवस्था** : कम्पनीले आवश्यकतानुसार शेयरवापतको रकमको भुक्तानी माग गर्नेछ । शेयरवापतको रकमको भुक्तानी तथा शेयर जफत सम्बन्धी अन्य कुरा कम्पनी ऐन, २०६३ बमोजिम हुनेछ ।<br>१२. **शेयर बिक्री वा धितोबन्धक सम्बन्धी व्यवस्था** : (१) नेपाल सरकारबाट निर्णय भईआएको अवस्थामा कम्पनीको शेयर चल सम्पत्ति सरह अर्को व्यक्तिलाई बिक्री गर्न वा धितो बन्धक राख्न सक्नेछ ।<br>(२) शेयर बिक्री वा धितोबन्धक र दाखिल खारेज सम्बन्धी व्यवस्था ऐन बमोजिम हुनेछ ।<br>१३. **शेयरको प्रमाण पत्र** : कम्पनीले जारी गर्ने शेयरको प्रमाणपत्रमा सञ्चालक समितिको अध्यक्ष र कम्पनीको प्रमुख कार्यकारी अधिकृतको दस्तखत हुनेछ ।<br>१४. **शेयर पूँजी हेरफेर गर्ने कुरा** : साधारणसभाबाट प्रस्ताव पारित गरी ऐन बमोजिम कम्पनीको शेयर पूँजी हेरफेर गर्न सकिनेछ ।<br>१५. **आफ्नो शेयर आफैले खरीद गर्ने सम्बन्धी व्यवस्था** : कम्पनीले आफ्नो शेयर आफैं खरीद गर्दा प्रचलित कानूनी व्यवस्थाको अधीनमा रही गरिनेछ ।<br>१६. **ऋण वा डिवेञ्चर सम्बन्धी व्यवस्था** : १) कम्पनीले नेपाल सरकारको पूर्व स्वीकृति लिई ऋण वा डिवेञ्चर उठाउन सक्नेछ ।<br>(२) जारी पूँजी पूर्ण रूपमा चुक्ता नभएसम्म कम्पनीले डिवेञ्चर उठाउन सक्ने छैन ।<br>(३) कम्पनीले जारी गरेको डिवेञ्चर नेपाल सरकारको निर्णय भईआएमा शेयरमा परिणत हुन सक्ने छ ।<br>(४) कम्पनीको डिवेञ्चर अन्य चल सम्पति सरह धितो बन्धक राख्न सकिनेछ<br>(५) ऋण वा डिवेञ्चर सम्बन्धी अन्य कुरा ऐनमा व्यवस्था भए बमोजिम हुने |  |

| साविक व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|
| रकम संचित खातामा राखिने छ । यसरी जम्मा गरिएको रकम बैंकमा सुरक्षणहरुमा लगानी गर्न सकिन्छ ।<br>**साधारण सभा**<br>२६. यस कर्पोरेशनको शेयरधनीहरुको साधारण सभा कर्पोरेशनको केन्द्रीय कार्यालय काठमाडौंमा कम्पनी कानून बमोजिम बर्षमा कम्तिमा एक पटक हुनेछ । बार्षिक साधारण सभामा संचालकहरुको निर्वाचन तथा त्यस सभामा उचित रुपले प्रस्तुत गरिएको बिषय माथि कारवाई हुनेछ । सभाको समय, स्थान र बिषय सूचि सहित सभा हुने सूचना सभा हुनु भन्दा दुई हप्ता अघि कम्तिमा हप्तामा एक पटक लगातार दुई हप्ता सम्म प्रकाशित गरिने छ र त्यस्तो सूचनाको एक प्रति कर्पोरेशनको खातामा देखिएको वा कार्यालयको ठेगानामा सभा हुन कम्तिमा १४ दिन अगावै हरेक शेयरधनीहरुलाई हात अथवा हुलाकद्वारा पठाउने छ । यस्तो सभामा आफै वा प्रतिनिधि द्वारा उपस्थित भएका शेयरधनीहरुको सर्वसम्मती बिना त्यस्तो सूचनामा उल्लेखित नभएको विषयमा बिचार गरिने छैन ।<br>**बिशेष सभा**<br>२७.संचालक समितिले कुनै बेला पनि शेयरधनीहरुको बिशेष साधारण सभा बोलाउन सक्नेछ । शेयर पूंजीको १० प्रतिशतको शेयरधनीहरुले सभा बोलाउन लिखित निवेदन गरेमा शेयरधनीहरुको सभा बोलाउनु समितिको कर्तव्य हुनेछ । यस्तो बिशेष सभा हुन कम्तिमा १४ दिन अगावै सभाको समय, स्थान र बिषय सूचि शेयरधनीहरुलाई कर्पोरेशनको खातामा देखिएको ठेगानामा सूचित गरिनेछ ।<br>**कोरम**<br>२८.कम्तिमा सैकडा ५० जना शेयरधनीहरु आफै वा प्रतिनिधिद्वारा उपस्थित भएमा मात्र शेयरधनीहरुको साधारण वा बिशेष सभाको कोरम पुग्ने छ ।<br>**साधारण सभा सार्नु**<br>२९.कुनै कारणबस शेयरधनीहरुको साधारण सभा माथि लेखिए अनुसार हुन सकेन भने त्यस्तो सभा ३० दिन भित्र बोलाइने छ र निर्धारित तरिकाबाट संचालन गरिने छ ।<br>**दर्ता भएको शेयरधनीहरुले मात्र मत दिन पाउने**<br>३०.शेयरधनीहरुको साधारण र बिशेष सभामा कर्पोरेशनको दाखिल खारिज गर्ने खातामा दर्ता भएको शेयरधनीहरुले मात्र आफै वा प्रतिनिधि द्वारा उपस्थित भई मत दिन पाउंछन ।<br>**कार्यक्रम**<br>३१. शेयरधनीहरुको साधारण सभाको कार्यक्रम निम्न प्रकारको हुनेछ : | **१७. शेयरधनी तथा डिवेञ्चरवालाको दर्ता किताबको निरीक्षण** : शेयरधनी वा डिवेञ्चरवालाले कम्पनीको शेयर वा डिवेञ्चर दर्ता किताब निरीक्षण गर्न चाहेमा कम्पनीले निरीक्षण गर्न दिनु पर्नेछ ।<br>तर कम्पनीले आफ्नो सूचना पाटीमा सात दिन अगावै सूचना टाँस गरी एक वर्षमा पैतालीस दिनमा नबढाई एक पटकमा बढीमा तीस दिनसम्म दर्ता किताबको निरीक्षण बन्द गर्न सक्नेछ ।<br>**परिच्छेद - ३**<br>**साधारणसभा**<br>**१८. साधारणसभा सम्बन्धी व्यवस्था** : (१) यस कम्पनीको साधारणसभा देहाय बमोजिम हुनेछन्:-<br>(क) वार्षिक साधारणसभा<br>(ख) विशेष साधारणसभा<br>(२) यस कम्पनीको वार्षिक साधारणसभा आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र गरिनेछ ।<br>(३) यस कम्पनीको वार्षिक साधारणसभा गर्नको लागि कम्तीमा एक्काईस दिन अगावै र विशेष साधारणसभा गर्नका लागि कम्तीमा पन्ध्र दिन अगावै सभा हुने ठाउँ, मिति र छलफल गर्ने विषय खोली लिखित पत्र मार्फत सबै शेयरधनीलाई सूचना दिइनेछ ।<br>(४) सञ्चालक समितिको अध्यक्ष वा सञ्चालक समितिले तोकेको पदाधिकारीले साधारणसभा बोलाउनेछ ।<br>(५) उपनियम (४) मा उल्लिखित पदाधिकारीले साधारणसभा नबोलाएमा वा अन्य कुनै कारणले सञ्चालक समितिको बैठक बस्न नसकेमा सञ्चालक समितिको कूलै सञ्चालकहरू मध्ये कम्तीमा एकाउन्न प्रतिशत सञ्चालक उपस्थित भई सोही कारण खुलाई साधारणसभा बोलाउने निर्णय गर्न सक्नेछन् । यसरी साधारणसभा बोलाउन सबै शेयरधनीलाई उपनियम (३) बमोजिमको सूचना दिनुपर्नेछ । यसरी बस्ने सञ्चालक समितिको बैठक र साधारणसभामा अध्यक्ष उपस्थित भएकोमा निजको अध्यक्षतामा र अध्यक्ष अनुपस्थित भएमा उपस्थित सञ्चालकहरू मध्येबाट छानिएको सञ्चालकले सञ्चालक समितिको बैठक तथा साधारणसभाको अध्यक्षता गर्नेछ ।<br>(६) उपनियम (३) वा (५) बमोजिम बोलाइएको साधारणसभामा नियम २३ बमोजिमको गणपूरक संख्या नपुगी त्यस्तो सभा हुन नसकेमा लिखित पत्र मार्फत कम्तीमा सात दिनको म्याद दिइ | |

**साबिक व्यवस्था**

१.आफै वा प्रतिनिधिद्वारा उपस्थित भएको शेयरधनीहरुको हाजिरी लिने ।

२. सभा गर्न दिएको सूचना पढने ।

३. सभापति निर्वाचित गर्ने ।

४. गत सभाको माइन्युट पढी सदर गर्ने ।

५.पदाधिकारीहरुको प्रतिवेदन ।

६.कमिटीको प्रतिवेदन ।

७.संचालकहरुको निर्वाचन ।

८. विविध ।

**मत दिने तरिका**

३२. नियमावली संशोधन गर्ने बाहेक अरु विषयहरु शेयरधनीहरुको साधारण सभामा आफै वा प्रतिनिधिद्वारा उपस्थित भएको शेयरधनीहरुको बहुमतले निर्णय गरिने छ तर कुनै पनि मतदाताले कम्पनी कानून बमोजिम शेयर अनुसारको मतदानको माग गर्न सक्नेछ र त्यसो भएमा तत्कालै शेयर अनुसारको मतदान गरिनेछ । सबै मतदान मौखिक हुनेछ तर शेयर अनुसारको मतदान मतपत्रद्वारा हुनेछ र त्यस्तो मतपत्रमा मतदान दिनेको नाम र उसको शेयरको संख्या र प्रतिनिधिद्वारा मतदान गर्ने भएमा प्रतिनिधिको नाम समेत उल्लेख गरिने छ । मत बराबर हुन गएमा अध्यक्षले निर्णयात्मक मत दिनेछ ।

३३. सभामा उपस्थित भएका शेयरधनीहरुबाट चुनिएका अध्यक्षले साधारण सभा संचालन गर्ने छ ।

३४. सभाको अध्यक्षले रित पुऱ्याएर दस्खत गरेको निर्णय पुस्तिकामा सभाले गरेको निर्णयको अन्तिम प्रमाण मानिने छ ।

**संचालक बर्ग**

३५. संचालक समितिको गठन

(१) कर्पोरेशन संचालनको लागि देहाय बमोजिमको पदाधिकारी रहेको कर्पोरेशन संचालक समितिको गठन हुनेछ ।

(क) कम्तिमा स्नातक तह उत्तीर्ण गरी वन क्षेत्रमा १० वर्षको अनुभव भएको वा कम्तिमा राजपत्रांकित प्रथम श्रेणीमा कार्यरत सरकारी कर्मचारी मध्येबाट नेपाल सरकारबाट नियुक्त भएको व्यक्ति एक जना - अध्यक्ष

(ख) प्रतिनिधि, अर्थ मन्त्रालय - सदस्य

(ग) प्रतिनिधि, वाणिज्य तथा आपूर्ति मन्त्रालय - सदस्य

(घ) प्रतिनिधि, वन तथा भू-संरक्षण मन्त्रालय वा वन बिभाग - सदस्य

(ङ) प्रतिनिधि, उद्योग मन्त्रालय वा

**संशोधित व्यवस्था**

पुनः साधारणसभा बोलाइनेछ । यस्तो सूचना कम्तीमा सात दिन अघि कुनै राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन गरेमा रितपूर्वकको सूचना दिएको मानिनेछ ।

१९. **साधारणसभाको कार्यविधि** : (१) साधारण सभाको अध्यक्षता सञ्चालक समितिको अध्यक्षले गर्नेछ ।

(२) सञ्चालक समितिको अध्यक्ष अनुपस्थित भएमा उपस्थित सञ्चालकहरूले आफू मध्येबाट छानिएको सञ्चालकले सभाको अध्यक्षता गर्नेछ । तर साधारणसभामा कुनै पनि सञ्चालक उपस्थित नभएमा सभामा उपस्थित शेयरधनीहरूले आफू मध्येबाट छानेको शेयरधनीले साधारणसभाको अध्यक्षता गर्नेछ ।

(३) सभाको काम कारबाही प्रारम्भ हुनु अघि सभाको वैधताबारे छलफल गरी गणपूरक संख्या पुगे वा नपुगेको यकिन गर्नु पर्नेछ र गणपूरक संख्या पुगेको पाइएमा सो सभाको अध्यक्षको अनुमतिले विधिवत् सञ्चालन हुनेछ ।

(४) सभामा छलफल गरिने प्रत्येक विषय (एजेण्डा) प्रस्तावको रूपमा प्रस्तुत हुनेछ र प्रत्येक प्रस्तावमा छलफल गरिनेछ । अध्यक्षले अनुमति दिएकोमा बाहेक एउटा प्रस्तावमा निर्णय नभई अर्को प्रस्तावमा प्रवेश गरिने छैन ।

(५) सभाको निर्णय बहुमतको आधारमा हुनेछ ।

तर विशेष प्रस्तावको हकमा सभामा उपस्थित शेयरधनीहरू मध्ये कम्तिमा पचहत्तर प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीले प्रस्तावको पक्षमा मत दिएमा मात्र त्यस्तो प्रस्ताव सभाबाट पारित भएको मानिनेछ ।

(६) सभामा मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(७) कूल शेयर पूँजीको सतसट्ठी प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीहरूले स्वीकृति दिएकोमा बाहेक सभाको सूचनामा उल्लेख नगरिएको विषय (एजेण्डा) उपर सभामा छलफल र निर्णय गरिने छैन ।

(८) कुनै विषयमा शेयरधनीहरूको मत सङ्कलन गर्नु पर्ने भएमा सभाको अध्यक्षले तोकेको प्रक्रिया अनुसार मत सङ्कलन गरिनेछ ।

(९) साधारणसभामा अध्यक्षले तोकेबमोजिम शेयरधनीले आवश्यकतानुसार पालैपालोसँग बोल्ने गरी छलफलमा भाग लिनेछन् ।

(१०) साधारणसभाको अध्यक्षता गर्ने व्यक्तिले आवश्यकतानुसार सभा स्थगित गर्न सक्नेछ । जुन साधारणसभा स्थगित भएको हो,

**संशोधन गर्नु पर्नाको कारण**

| साविक व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|
| उद्योग विभाग - सदस्य<br>(च) कर्पोरेशनको शेयरधनी वा वन क्षेत्रको विज्ञ मध्येबाट नेपाल सरकारले नियुक्त गरेको व्यक्ति एक जना - सदस्य<br>(छ) नेपाल सरकारका तर्फबाट नियुक्त कर्पोरेशनका महाप्रबन्धक - सदस्य सचिव<br>(२) संचालक समितिले आवश्यक देखेमा कुनै विषय सम्बन्धि विज्ञ वा सल्लाहकार वा सरकारी, गैर सरकारी निकायका प्रतिनिधी वा कर्मचारी प्रतिनिधीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।<br>(३) उपनियम (१) मा जे सुकै उल्लेख भए पनि कर्पोरेशनको हाल कायम संचालक समितिले अर्को व्यवस्था नभएसम्म यस नियमावली बमोजिम काम कारवाही गर्नेछ ।<br>(४) संचालक समितिले समितिको काम कारवाहीको सहयोगको लागि कर्पोरेशन भित्रका अधिकृत स्तरका कर्मचारी मध्येबाट कुनै एक जनालाई कम्पनी सचिवको रुपमा नियुक्ति गर्न सक्नेछ । कम्पनी सचिवको काम कर्तव्य, अधिकार र सुविधा प्रचलित कानून तथा संचालक समितिको निर्णयानुसार हुनेछ ।<br>३५ क. संचालक समितिको कार्यविधी<br>(१) कर्पोरेशनका कामहरुको व्यवस्थित संचालनका लागि आवश्यकता अनुसार समितिको बैठक बस्न सक्नेछ, संचालक समितिको अध्यक्षको निर्देशन अनुसार कम्पनी सचिवले उक्त बैठक व्यवस्थित गर्न र आवश्यकता अनुसार स्थगन गर्न सक्नेछ ।<br>(२) मतदान गर्ने, अधिकार प्राप्त संचालकहरुको जम्मा संख्याको कम्तीमा ५१ प्रतिशत संख्यालाई समितिको बैठकको गणपुरक संख्या (कोरम) मानिने छ । एक पटक कोरम नपुगी स्थगन भएको बैठक पुनः बस्दा उपस्थित संख्यालाई नै गणपुरक संख्या मानिने छ ।<br>(३) एक वर्षमा कम्तीमा ६ पटक संचालक समितिको बैठक बोलाइने छ । तर संचालक समितिको अध्यक्षले आवश्यकता अनुसार जुनसुकै बखत पनि बैठक बोलाउन सक्नेछ । दुई बैठकको बीचको अवधि तीन महिना भन्दा बढी हुने छैन ।<br>(४) समितिको बैठकमा संचालकहरुको स्वयम् उपस्थिति अनिवार्य छ । निजले पठाएको प्रतिनिधी मान्य हुने छैन ।<br>(५) समितिको बैठकमा समितिको अध्यक्षले अध्यक्षता गर्नेछ । त्यस्तो अध्यक्ष नभएमा वा निज समितिको बैठकमा उपस्थित नभएमा | सो सभा हुने दिन भन्दा पहिले वा पछि कम्पनी ऐन अनुसार सूचना दिइएको कुनै पनि विषय उपर यसरी स्थगित भई बोलाइएको सभामा छलफल र निर्णय गर्न सकिनेछ ।<br>(११) साधारणसभा सम्बन्धी अन्य व्यवस्थाहरू कम्पनी ऐनमा उल्लेख भए बमोजिम हुनेछ ।<br>२०. **साधारणसभामा पेश गर्ने अन्य विषय** : कम्पनी ऐनमा उल्लेख भएका विषयहरू बाहेक साधारणसभामा पेश गर्नु पर्ने अन्य केही विषय भएमा सञ्चालक समितिले निर्णय गरी पेश गर्न सक्नेछ ।<br>२१. **विशेष प्रस्ताव** : कम्पनी ऐनमा उल्लेख भएको विषय बाहेकका विषयका सम्बन्धमा विशेष प्रस्ताव पेश गर्नु पर्ने देखि सञ्चालक समितिले निर्णय गरेमा विशेष प्रस्ताव सम्बन्धी प्रावधान थप गर्न सक्नेछ ।<br>२२. **विशेष साधारणसभा** : ऐन बमोजिम कम्पनीको विशेष साधारणसभा बोलाउन सकिनेछ ।<br>२३. **गणपूरक संख्या** : बाँडफाँड भएको कूल शेयर संख्याको कम्तीमा सतसठ्ठी प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरूमध्ये कम्तीमा एकाउन्न प्रतिशत शेयरधनीहरू स्वयम् वा प्रतिनिधि उपस्थित नभई विशेष साधारणसभाको काम कारवाही प्रारम्भ हुनेछैन ।<br>तर नियम १८ को उपनियम (६) मा उल्लेख भएबमोजिम पुनः बोलाईएको साधारणसभामा कूल शेयर संख्याको कम्तीमा पच्चीस प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कम्तीमा पाँचजना शेयरधनीहरू स्वयम् वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित भएमा विशेष साधारणसभा सञ्चालन गर्न बाधा पर्नेछैन ।<br>२४. **प्रोक्सी मत सम्बन्धी व्यवस्था** : (१) प्रचलित कानून बमोजिम करार गर्न योग्य व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सकिनेछ ।<br>(२) कुनै शेयरधनीले प्रतिनिधि नियुक्त गरी आफू स्वयम् उपस्थित भएमा त्यस्तो प्रतिनिधि स्वतः रद्द भएको मानिनेछ ।<br>(३) कुनै शेयरधनी स्वयं साधारणसभामा उपस्थित हुन नसकी सो सभामा उपस्थित हुन र आफ्नो मत प्रयोग गर्न पाउने गरी प्रतिनिधि नियुक्त गर्नुपर्दा कम्पनीको अर्को कुनै शेयरधनी बाहेक अन्य कसैलाई प्रतिनिधि नियुक्त गर्न (प्रोक्सी दिन) पाइने छैन ।<br>(४) प्रतिनिधि (प्रोक्सी) ले मतदान गर्न पाउने अधिकतम् हद वा सीमा त्यस्तो शेयरधनीले लिन पाउने कम्पनीको अधिकतम शेयर हिस्साको मतदान सीमा भन्दा बढी हुने छैन ।<br>(५) कुनै सञ्चालकलाई कम्पनीको साधारणसभामा भाग लिनको लागि कुनै शेयरधनीले आफ्नो प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको भएमा आफूलाई नियुक्त गर्ने विषयमा वा आफ्नो स्वार्थ वा | |

| सा‌विक व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|
| संचालकहरुले आफु मध्ये एक जनालाई अध्यक्ष रोज्नेछन्।<br>(६) समितिको बैठकमा उठेको प्रश्नको निर्णय बहुमतबाट गरिनेछ । राय बाझिन गई मत बराबर भएमा समितिको अध्यक्षको मत निर्णायक हुनेछ ।<br>३५ ख. संचालक समितिको काम कर्तव्य र अधिकार<br>कर्पोरेशनको कार्य प्रबन्धको भार तथा सम्पूर्ण उत्तरदायित्व संचालक समितिमा रहनेछ । कम्पनी ऐन कम्पनीको प्रबन्ध-पत्र द्वारा प्रदान गरिएको अधिकारको प्रतिकुल नहुने गरी समितिले निम्न लिखित अधिकारहरु प्रयोग गर्न पाउने छ ।<br>(१) कर्पोरेशनकों दीर्घकालिन उद्देश्य प्राप्तिका लागि नीति तर्जुमा गर्ने, अल्प तथा दीर्घकालिन योजना बनाउने, नियन्त्रण गर्ने, नीति तर्जुमा गर्ने तथा योजना कार्यान्वयन गर्ने गराउने छ ।<br>(२) कर्पोरेशनका लागि आवश्यक कुनै सम्पत्ति उचित मूल्यमा खरीद गर्ने वा अन्य तरिकाबाट प्राप्त गर्ने तथा कर्पोरेशनका लागि आवश्यक हक तथा सुविधाहरु उपयुक्त उपचारद्वारा प्राप्त गर्ने ।<br>(३) कर्पोरेशनले प्राप्त गरेको कुनै सम्पत्ति, हक वा सुविधाहरुका निमित्त वा कम्पनीका लागि गरिएका सेवाहरुका निमित्त परल मूल्य वा दस्तुर वापत पुरा वा आंशिक रुपमा कर्पोरेशनको नगद रुपैया तिर्ने वा डिवेन्चर दिने ।<br>(४) समय समयमा उचित देखिए बमोजिम प्रबन्ध संचालक, कम्पनी सचिव, प्रबन्धक, विशेषज्ञ, अधिकृत, एजेन्ट कामदार नियुक्ति गर्ने । त्यसरी नियुक्ति गरिएको सबै वा कुनैलाई हटाउने, निलम्बन गर्ने वा निजहरुको अधिकार, कर्तव्य निर्धारित गर्ने, तिनीहरुको तलब, भत्ता, अनुदान, निवृत्तभरण आदि तोक्ने ।<br>(५) आफुले पाएको केही वा सबै अधिकार आवश्यकता र औचित्य हेरी महा-प्रबन्धकलाई प्रत्यायोजन गर्ने र प्रत्यायोजित अधिकार फिर्ता लिने ।<br>(६) कर्पोरेशनलाई तिरेको वा तिर्नु पर्ने रुपैया वा कर्पोरेशनको दावी वा माग पुरा भए वापत भर्पाइ र अरु छुटकारा दिने ।<br>(७) कर्पोरेशन वा त्यसका पदाधिकारीहरुका तर्फबाट वा विरुद्ध वा कर्पोरेशनको कारोवार संग सम्बन्धित मुद्दा मामिला चलाउने, मिलापत्र गर्ने, प्रतिरक्षा गर्ने ।<br>(८) कर्पोरेशनको तर्फबाट बैंकहरुमा खाता खोल्ने र संचालन गर्ने, कर्पोरेशनको व्यवसाय चलाउन आवश्यक एवम् उपयुक्त भएका विल अफ एक्स्चेन्ज प्रमिसरी नोट, हुन्डी, चेक, ड्राफ्ट र अन्य लिखितहरु काट्ने, स्वीकार गर्ने र दस्तखत गर्ने सो कामका निमित्त | व्यक्तिगत फाइदाको कुनै विषयमा त्यस्तो सञ्चालकले उक्त शेयरधनीको प्रतिनिधिको हैसियतले मतदान गर्न पाउने छैनन् ।<br>२५. **मतदान** : (१) ऐन तथा यस नियमावलीमा अन्यथा लेखिएकोमा बाहेक प्रत्येक शेयरधनीलाई निजले लिएको प्रत्येक शेयरबापत साधारणसभामा एक मत दिने अधिकार हुनेछ ।<br>(२) फरक मताधिकार भएका शेयरहरू हाल जारी गरिएको छैन ।<br>(३) साधारणसभामा मताधिकार नहुने शेयर जारी गरिएको छैन ।<br>(४) सञ्चालक निर्वाचन गर्दा एक शेयरको एक मत भन्दा बढी हुने गरी मतदान गर्न पाइने छैन ।<br>(५) सञ्चालक निर्वाचन गर्दा व्यवसायिक विशेषज्ञ सञ्चालकको हकमा सञ्चालक समितिद्वारा र अन्य सञ्चालकहरूको हकमा समूहगत मनोनयन वा मतदान प्रक्रियाद्वारा गरिनेछ ।<br>२६. **साधारणसभाको निर्णय विवरणको अभिलेख** : (१) ऐन अनुसार खुलाउनुपर्ने कुरा खुलाई साधारणसभाको काम कारवाही तथा निर्णयको विवरणको छुट्टै अभिलेख गरी राखिनेछ । त्यस्तो विवरणमा सभाको अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृतले हस्ताक्षर गर्नेछन् । कुनै व्यहोराले सभामा प्रमुख कार्यकारी अधिकृत अनुपस्थित भएको वा प्रमुख कार्यकारी अधिकृत नियुक्ति नभएको अवस्थामा सभाको अध्यक्ष तथा सभाले नियुक्त गरेको एकजना शेयरधनीले त्यस्तो विवरणमा हस्ताक्षर गनेछन् ।<br>(२) उपनियम (१) अनुसार राखिएको साधारणसभाको काम कारवाहीको विवरणको अभिलेख कम्पनीको रजिष्टर्ड कार्यालयमा राख्नु पर्नेछ । त्यस्तो विवरण कुनै शेयरधनीले कार्यालय समयमा निरीक्षण गर्न चाहेमा प्रमुख कार्यकारी अधिकृत वा निजले तोकेको कर्मचारीले निरीक्षण गर्न दिनु पर्नेछ ।<br>**परिच्छेद - ४**<br>**सञ्चालक समिति**<br>२७. **सञ्चालक समितिको गठन, संख्या र कार्यकाल** : (१) कम्पनीको सञ्चालक समिति देहायबमोजिमको हुनेछ,-<br>क) सचिव, वन तथा वातावरण मन्त्रालय — अध्यक्ष<br>ख) सह-सचिव, अर्थ मन्त्रालय — सदस्य<br>ग) सह सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय — सदस्य<br>घ) वन तथा वातावरण मन्त्रालयले तोकेको सह सचिव — सदस्य<br>ङ) सञ्चालक समितिले स्वतन्त्र सञ्चालकको रूपमा नियुक्त प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय मध्येबाट दुईजना सचिव — सदस्य | |

| साविक व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|
| आफुहरु मध्ये कसैलाई अधिकार सुम्पने ।<br>(९) कर्पोरेशनले तिर्नु पर्ने वा दिनु पर्ने ऋण पुरा गर्ने म्याद दिने लिने, कर्पोरेशनको तर्फबाट वा विरुद्धमा गरेको दावी वा मागहरुलाई मध्यस्थ छेउ पठाउने र तत् सम्बन्धी निर्णयको पालना गर्ने ।<br>(१०) कर्पोरेशनको अधिकृत, कर्मचारीहरु तथा कामदारहरुको सम्बन्धमा कुनै किसिमको कारोवारहरुका विनियमहरु बनाउने, अदल बदल गर्ने, रद्द गर्ने ।<br>(११) कर्पोरेशनमा महा-प्रबन्धक रिक्त रहेको अवस्थामा संचालक समितिले कर्पोरेशनका वरिष्ठ कर्मचारी मध्ये कुनै एक जना अधिकृतलाई महा-प्रबन्धकको सम्पुर्ण काम कारवाही गर्ने गरी कायम मुकायम मुकरर गर्न सक्नेछ । कायम मुकायम महा-प्रबन्धकले महा-प्रबन्धक सरह काम कर्तव्य, अधिकार प्रयोग गर्न र पारिश्रमिक, भत्ता तथा सुविधाहरु पाउने छ ।<br>(१२) कर्मचारीको नियुक्ती, सरुवां, बढुवा, खोसुवा आदि सम्बन्धमा कर्मचारी सेवा सर्त विनियमावली बनाउने । कर्मचारीहरुको तलब तथा अन्य सुविधा तोक्ने, आर्थिक विनियमावली बनाउने आदि ।<br>(१३) यस अघि लेखिएका सबै कुराहरुको निमित्त वा त्यसको सम्बन्धमा वा कर्पोरेशनको प्रयोजनका निमित्त उचित देखिए बमोजिम कर्पोरेशनको नाममा वा कर्पोरेशनको तर्फबाट खरिद, बिक्री, कारोवार ठेक्का पट्टाहरु गर्ने । त्यस्ता खरिद, बिक्री, ठेक्का पट्टाहरुलाई स्वीकृत गर्ने, म्याद थप गर्न र रद्द गर्ने । संशोधन गर्ने र अन्य सबै आवश्यक काम कारवाही गर्ने ।<br>३५ ग. महा-प्रबन्धकको काम कर्तव्य, अधिकार एवम् सुविधाहरु<br>कर्पोरेशनको दैनिक कार्य संचालनको लागि नेपाल सरकारबाट एक महा-प्रबन्धकको नियुक्ती र कार्य अवधि तोकिनेछ । महा-प्रबन्धकको काम कर्तव्य, अधिकार एवम् सुविधाहरु देहाय बमोजिम हुनेछ ।<br>(१) कर्पोरेशनको दैनिक कार्य संचालन सुचारु रुपले गर्ने गराउने ।<br>(२) कर्मचारीहरुलाई आवश्यकता अनुसार समय समयमा निर्देशन दिने ।<br>(३) संचालक समितिको निर्णयानुसार कम्पनीका लागि आवश्यक प्राविधिक तथा अप्राविधिक कर्मचारी तथा कामदारहरु नियुक्ति लगायत अन्य काम कार्यवाही गर्ने ।<br>(४) कर्पोरेशनको तर्फबाट गर्नु पर्ने सम्झौता मन्जुरीनामा, मुद्दा मामिला तथा भैपरी आउने कार्यहरु गर्ने ।<br>(५) कम्पनी ऐन, २०६३, प्रबन्ध-पत्र, नियमावली र प्रचलित कानूनको अधिनमा रही कार्य गर्नु महा-प्रबन्धकको कर्तव्य हुनेछ ।<br>(६) कर्पोरेशनको कर्मचारी सेवा सर्त विनियमावली तथा आर्थिक | च) प्रमुख कार्यकारी अधिकृत, राष्ट्रिय वाणिज्य बैंक सदस्य<br>छ) नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक सदस्य<br>ज) कम्पनीको प्रमुख कार्यकारी अधिकृत सदस्य-सचिव<br>(२)नियम १ को (ङ) बमोजिमको सञ्चालकहरुको कार्यकाल दुई वर्षको हुनेछ ।<br>२८. **सञ्चालक हुन लिनुपर्ने न्यूनतम शेयर संख्या** : यस कम्पनीको स्वतन्त्र सञ्चालकको पदमा नियुक्त हुनको लागि कुनै शेयर लिनु पर्ने बाध्यता रहने छैन ।<br>२९. **सञ्चालकको पुन: नियुक्ति हुन सक्ने वा नसक्ने** : एकपटक सञ्चालक भैसकेको व्य सञ्चालकमा पुन: नियुक्त हुन सक्नेछ ।<br>३०. **सञ्चालक नियुक्ति सम्बन्धी कुनै खास व्यवस्था गर्ने भए सो कुरा खुलाउने** : सञ्चालक समितिमा कुनै समूह, किसिम वा वर्गका शेयरधनी प्रतिनिधित्व हुने गरी कुनै विशेष व्यवस्था गर्न नेपाल सरकारबाट निर्णय भए बमोजिम नै हुनेछ ।<br>३१. **सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था** : (१) सञ्चालकको बैठक भत्ता, दैनिक भ्रमण भत्ता तथा अन्य सुविधा साधारणसभाले तोके बमोजिम हुनेछ ।<br>(२) उपनियम (१) मा जुनसुकै कुरा उल्लेख गरिएको भए तापनि पहिलो साधारणसभा नभएसम्म त्यस्तो बैठक भत्ता, दैनिक भ्रमण भत्ता तथा अन्य सुविधा सञ्चालक समिति आफैले तोक्न सक्नेछ ।<br>३२. **सञ्चालक समितिको काम कर्तव्य र अधिकार** : कम्पनीको कार्य प्रबन्धको भार तथा सम्पूर्ण उत्तरदायित्व सञ्चालक समितिमा रहनेछ । कम्पनी ऐन र कम्पनीको प्रबन्धपत्रद्वारा प्रदान गरिएको अधिकारको प्रतिकूल नहुने गरी समितिले निम्न लिखित अधिकार प्रयोग गर्न पाउनेछ :-<br>(क) कम्पनीको दीर्घकालीन उद्देश्य प्राप्तिका लागि नीति, अल्पकालीन तथा दीर्घकालीन योजना, बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने,<br>(ख) कम्पनीका लागि आवश्यक पर्ने कुनै सम्पत्ति खरीद गर्ने वा बिक्री गर्ने वा अन्य तरिकाबाट प्राप्त गर्ने,<br>(ग) आवश्यकता अनुसार कर्मचारी पदपूर्ति गर्ने, पुरस्कार दिने, विभागीय सजायसम्बन्धी कार्य गर्ने र कर्मचारीको सेवा सुविधा तोक्ने,<br>(घ) आफूले पाएको केही वा सबै अधिकार आवश्यकता र औचित्य हेरी प्रमुख कार्यकारी अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ,<br>(ङ) कम्पनीसँग सम्बन्धित मुद्दा मामिला चलाउने, मिलापत्र गर्ने, प्रतिरक्षा गर्ने,<br>(च) कम्पनीलाई आवश्यक पर्ने निर्देशिका र कार्यविधि स्वीकृत गर्ने ,<br>(छ) कम्पनीमा प्रमुख कार्यकारी अधिकृत रिक्त रहेको अवस्थामा कम्पनीको वरिष्ठ कर्मचारीलाई प्रमुख कार्यकारी अधिकृतको कामकाज गर्न तोक्न सक्नेछ ।<br>३३. **अधिकार प्रत्यायोजन सम्बन्धी व्यवस्था** : ऐन, प्रबन्धपत्र र नियमावलीको अधीनमा | |

| साविक व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|
| विनियमावलीमा तोकिए अनुसार काम कारवाही गर्ने गराउने ।<br>(७) महा-प्रबन्धकको अन्य काम,कर्तव्य, अधिकार, पारिश्रमिक भत्ता एवम् सुविधाहरु नेपाल सरकारको निर्णयानुसार संचालक समितिले तोकि दिए बमोजिम हुनेछ ।<br>३६. कर्पोरेशनका संचालकहरुलाई नेपाल सरकारको “क” श्रेणीका संस्थानहरुले दिई आए सरहको बैठक भत्ता दिइनेछ ।<br>३७. कम्तिमा संचालकहरुको ५० प्रतिशत सभामा उपस्थित भए मात्र संचालक समितिको कोरम पुग्ने छ ।<br>३८. समितिको निर्णय बहुमतबाट हुने छ र मत बराबर हुन आएमा समितिका अध्यक्षले निर्णयात्मक मत दिने छ ।<br>३९.समितिको सभाको निर्णय पुस्तिकामा सभामा उपस्थित सबै संचालकहरुले रित पुर्‍याई सही गर्ने छन् र यसरी सही गरिएका निर्णय पुस्तिका समितिले गरेको निर्णयको अन्तिम प्रमाण मानिने छ ।<br>४०. कर्पोरेशनको लागि सम्पति किनी वा अरु कुनै प्रकारले प्राप्त गर्ने, ऋण लिने वा दिने, कर्पोरेशनका पदाधिकारी भर्ना गर्ने, मुद्दा दायर र प्रतिरक्षा गर्ने र कर्पोरेशनको उद्देश्य दक्षता एवं लाभपूर्वक पूर्ति गराउन आवश्यक देखिएका अरु कामहरु गर्न संचालक समितिको अधिकार हुनेछ ।<br>४१.कर्पोरेशनलाई प्रत्यक्ष अथवा अप्रत्यक्ष रुपबाट सहायता प्रदान गर्ने बिदेशी संस्थाले समितिमा एकजना सल्लाहाकार नियुक्ति गर्न सक्नेछ । समितिको सबै सभाहरुमा भाग लिन र बिचार बिर्मश गर्न तिनीहरुलाई निमन्त्रणा गरिनेछ तर मतदान दिने अधिकार तिनीहरुको हुने छैन ।<br>४२.कुनै संचालकहरुको पद खाली हुन आएमा त्यस्तो रिक्त स्थान पूर्ति गर्न बोलाईएको बिशेष समितिको सभा वा समितिको साधारण सभामा उपस्थित भएका संचालकहरुले त्यस्तो रिक्त स्थानको बाकी अवधिको लागि नया संचालक नियुक्ति गर्न सक्नेछ ।<br>**सम्पूर्ण संचालकहरुको मृत्यु या राजीनामा**<br>४३.सबै संचालकहरुको मृत्यु भएमा या एकै पटक सबैले राजिनामा दिएमा कुनै पनि शेयरधनीले अध्यक्षले सभा बोलाउने तरिकाले बिशेष सभा बोलाउन सकिन्छ । साधारण सभामा संचालकहरुको निर्वाचन गरिने तरिका अनुसार यस्तो बिशेष सभामा संचालकहरु बांकी अवधिको लागि चुनीने छन् ।<br>**नियमहरु**<br>४४.संचालक समितिको बैठकहरु संचालन गर्न र कर्पोरेशनको कारोबार चलाउन उचित देखिएको नियमहरु अधिराज्य नेपालको प्रचलित | रही सञ्चालक समितिले आफ्नो अधिकारहरू मध्ये केही अधिकारहरू प्रमुख कार्यकारी अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।<br>३४. **प्रवन्ध सञ्चालक सम्बन्धी व्यवस्था** : यस कम्पनीमा हाल प्रवन्ध सञ्चालकको व्यव गरिएको छैन । प्रबन्ध सञ्चालकको व्यवस्था गर्नु पर्ने भएमा प्रचलित कम्पनी २०६३ बमोजिम हुनेछ ।<br>३५. **प्रमुख कार्यकारी अधिकृत सम्बन्धी व्यवस्था** : (१) प्रशासकीय प्रमुखको रूपमा काम गर्न नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यालयबाट वन विज्ञान वा प्राकृतिक स्रोत व्यवस्थापन वा अर्थशास्त्र वा व्यवस्थापनमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको र सार्वजनिक वा निजी संस्थामा व्यवस्थापकीय पदमा रही कम्तीमा सात बर्ष काम गरेको अनुभव भएको व्यक्तिलाई वन तथा वातावरण मन्त्रालयले कार्यान्वयनमा ल्याएको मापदण्ड र कार्यविधि अनुसार नेपाल सरकारले प्रमुख कार्यकारी अधिकृत नियुक्ति गर्नेछ ।<br>(२) प्रमुख कार्यकारी अधिकृतको पदावधि चार वर्षको हुनेछ र निजको कार्यसम्पादन उत्कृष्ट रहेमा पुन: नियुक्ति हुन सक्नेछ ।<br>(३) सञ्चालक समितिले प्रमुख कार्यकारी अधिकृतसँग प्रत्येक बर्ष कार्यसम्पादन करार गर्नेछ । कार्य सम्पादन सन्तोषजनक नभएमा वन तथा वातावरण मन्त्रालयको सिफारिशमा नेपाल सरकारले प्रमुख कार्यकारी अधिकृतलाई पदबाट हटाउन सक्नेछ ।<br>(४) उपनियम (३) बमोजिम प्रमुख कार्यकारी अधिकृतको पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।<br>(५) प्रमुख कार्यकारी अधिकृतले समितिको प्रत्यक्ष नियन्त्रणमा रही कार्य गर्नेछ र आफ्नो कार्य सम्पादनका लागि समिति र नेपाल सरकार प्रति जवाफदेही हुनेछ ।<br>(६) प्रमुख कार्यकारी अधिकृतको काज, विदा तथा वैदेशिक भ्रमण समितिको अध्यक्षबाट स्वीकृत हुनेछ ।<br>(७) प्रमुख कार्यकारी अधिकृतले यस विनियमावली बमोजिम कम्पनीका कर्मचारीले पाउने अध्ययन विदा र असाधारण विदा बाहेकको अन्य विदा पाउनेछ ।<br>(८) प्रमुख कार्यकारी अधिकृतले आफ्नो धर्म, संस्कृति, परम्परा अनुसार मनाइने चाडपर्वको लागि खाईपाई आएको एक महिनाको तलब बराबरको रकम वर्षमा एकपटक चाडपर्व खर्चको रूपमा पाउनेछ ।<br>(९) प्रमुख कार्यकारी अधिकृतले प्रति वर्ष एक महिनाको तलब बराबरको रकम उपचार खर्च पाउनेछ ।<br>(१०) प्रमुख कार्यकारी अधिकृतको रु. बीस लाख बीमाङ्क रकम हुने गरी कम्पनीले दुर्घटना बीमा गर्नु पर्नेछ ।<br>(११) कम्पनीले प्रमुख कार्यकारी अधिकृतलाई सवारी चालक सहितको सवारी | |

| साविक व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नु पर्नाको कारण |
| --- | --- | --- |
| कानूनहरु वा यो नियमावलीसंग नबाझिने गरी संचालक समितिले बनाउन सक्नेछ ।<br>**समितिको बैठक**<br>४५.संचालक समितिको बैठक वर्ष भरमा कम्तिमा १० पटक बस्ने छ र २ महिना भन्दा बढि समय सम्म बैठक नगरी रहन हुँदैन । संचालकहरुलाई रित पूर्वक सूचना दिई जुन सुकै समयमा पनि समितिको बैठक अध्यक्षले बोलाउन सक्नेछ । कुनै संचालकको लिखित अनुरोध आएमा अध्यक्षले समितिको बिशेष बैठक बोलाउने छ ।<br>**कमिटीहरु**<br>४६. सबै कमिटीहरु संचालक समितिद्वारा नियुक्ति गरिने छन् ।<br>**हिसाब किताब र रेकर्ड**<br>४७.कर्पोरेशनको मुख्य बही-खाता र हिसाबहरु कर्पोरेशनको केन्द्रीय कार्यालय, अर्थ बिभागमा रहने छ र समितिको अनुमति बिना कतै लग्ने छैन । मुख्य बही-खाता र हिसाबहरु मुख्य केन्द्रीय कार्यालय, अर्थ बिभागबाट अरु कुनै ठाउमा लैजानु परेमा सो कुरा कम्पनी रजिस्टारको कार्यालयलाई सूचित गर्नेछ । तर चालु हिसाब किताब र रेकर्ड समितिको तजबिजमा कुनै पनि कार्यालयमा राख्न सकिने छ ।<br>४८. बही-खाता र हिसाबहरु नेपाल कम्पनी कानून अनुसार राखिने छ ।<br>**छाप**<br>४९. द टिम्बर कर्पोरेशन अफ नेपाल लि. शब्दहरु भएको एक छाप यस कम्पनीको हुने छ ।<br>५०. कर्पोरेशनको छाप कम्पनी सचिवको जिम्मामा हुनेछ र छाप लाइएको प्रत्येक कागजमा कम्पनी सचिव र अध्यक्ष दुबैको दस्तखत हुने छ ।<br>**स्याहा श्रेस्ता र लेखा परीक्षण**<br>५१.कर्पोरेशनको स्याहा श्रेस्ता किताबहरु बर्षको एक पटक लेखा परीक्षण गरिने छ । नेपाल सरकारबाट स्विकृत भएको एक लेखा परीक्षकबाट लेखा परीक्षण गर्नेछ । सो लेखा परीक्षक साधारण सभाबाट एक बर्षको लागि चुनिने छ र सो लेखा परीक्षकको सेवा शर्तहरु साधारण सभाबाट निर्धारित हुने छ ।<br>५२. (क)माथि लेखिए अनुसार चुनिएको लेखा परीक्षकले कर्पोरेशनका सबै हिसाब, खाता, कागज पत्र र कारोबारहरु तथा पत्र व्यवहार र निर्णय पुस्तिका कम्तिमा ६-६ महिनामा जांच गर्नेछ । लेखा परीक्षकहरुलाई आफ्नो जिम्मेवारी पूरा गर्न चाहिने सबै सुबिधा र आवश्यक कुराहरु संचालक समितिले उपलब्ध गराई दिनु पर्दछ । | साधन उपलब्ध गराउनु पर्नेछ ।<br>(१२) कम्पनीले प्रमुख कार्यकारी अधिकृतलाई नियमानुसारको बोनस उपलब्ध गराउनेछ ।<br>(१३) अन्य सेवा शर्त तथा सुविधाहरू नेपाल सरकारले तोकेबमोजिम हुनेछ ।<br>(१४) देहायको अवस्थामा प्रमुख कार्यकारी अधिकृतको पद रिक्त हुनेछः-<br>(क) निजले आफ्नो पदबाट राजीनामा दिएमा,<br>(ख) निजको मृत्यु भएमा,<br>(ग) उपनियम (३) बमोजिम पदबाट हटाईएमा,<br>(घ) निजको पदावधि पूरा भएमा,<br>(ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएमा ।<br>३६. **प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार** : यस नियमावलीमा लेखिएका अन्य काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–<br>(क) कम्पनीको प्रशासकीय प्रमुख भई काम गर्ने,<br>(ख) कम्पनीको साधारणसभा तथा सञ्चालक समितिको सदस्य-सचिव भई काम गर्ने,<br>(ग) साधारणसभा तथा सञ्चालक समितिको निर्णय कार्यान्वयन गर्ने गराउने,<br>(घ) कम्पनीको उद्देश्य प्राप्तिको लागि सम्बन्धित निकायहरूसँग समन्वय र सहकार्य गर्ने,<br>(ङ) कम्पनीको रणनीतिक योजना, वार्षिक बजेट तथा कार्यक्रम तयार गरी स्वीकृतिको लागि सञ्चालक समिति समक्ष पेश गर्ने,<br>(च) समितिबाट कार्यान्वयनको लागि स्वीकृत कार्यक्रमहरूको कार्यान्वयन, अनुगमन, मूल्याङकन गर्ने गराउने ।<br>(च) कम्पनीको कर्मचारी विनियमावलीको अधिनमा रही जनशक्ति व्यवस्थापन गर्ने,<br>(झ) कम्पनीको तर्फबाट सरकारी निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यवसायिक प्रतिष्ठानहरूमा प्रतिनिधित्व गर्ने गराउने,<br>(ञ) कम्पनीको तर्फबाट गर्नुपर्ने कानूनी प्रतिरक्षाको आवश्यक प्रबन्ध मिलाउने,<br>(ड) आफूसँग भएका केही अधिकार मातहतका कर्मचारीहरूलाई प्रत्यायोजन गर्न सक्नेछ ।<br>(ढ) धितोपत्र सम्बन्धी कानून, प्रबन्धपत्र, नियमावली, विनियमावलीको अधिनमा रही कम्पनी सञ्चालन गर्ने सम्बन्धमा सञ्चालक समितिले तोके बमोजिमका अन्य कार्यहरू गर्ने ।<br>**३७. सञ्चालक समितिको बैठक आव्हान** :- सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि नियम ३८ बमोजिम हुनेछ ।<br>**३८. सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि** : (१) सञ्चालक समितिको बैठक | |

| साविक व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|
| (ख)लेखा परीक्षण तथा जांच गरी सकेपछि लेखा परीक्षकहरुले वासलात र नाफा नोक्शानको हिसाब सहित आफूले देखेको कुराहरुको प्रतिवेदन संचालक समिति र शेयरधनीहरुको साधारण या विशेष सभामा पेश गर्नेछ ।<br>**लाभांश**<br>५३. दफा २१ को अधिनमा रही संचालक समितिले समय समयमा लाभांश घोषणा गर्न र बितरण गर्न सकिने छ ।<br>**निरिक्षकहरु**<br>५४. शेयरधनीहरुको साधारण सभाले एक बर्षको लागि दुई निर्वाचित निरिक्षकहरु छान्ने छन् र कुनै निरिक्षकले काम गर्न इन्कार गरेमा या अनुपस्थित भएमा सभाले उसको ठाउमा अरु निरिक्षक नियुक्त गर्न सकिन्छ ।<br>५५.<br>**कम्पनी सचिवको कर्तब्य**<br>५६.कम्पनी सुचिवले संचालक समितिको र शेयरधनीहरुको सभाको निर्णय पुस्तिका राख्नेछ । कर्पोरेशनको सूचनाहरु दिने छ । शेयरको प्रमाण पत्रमा अध्यक्ष र एक संचालकको दस्तखत भएपछि कर्पोरेशनको छाप लगाउनेछ । प्रमाण पत्रको किताब र समितिले तोकेको अरु किताब तथा कागज पत्रहरु कम्पनी सचिवको जिम्मामा रहने छ । अक्षरानुक्रमले शेयरधनीहरुको नाम, उनीहरुको घरको ठेगाना, उनीहरुले किनेको शेयरको संख्या र मिति देखाई एक शेयर किताब राख्नेछ र यस्तो किताब नेपालको कानून अनुसार निरिक्षणको लागि खुला राखिने छ ।<br>५७. संचालक समितिले स्पष्ट रुपबाट आफैसंग सुरक्षित राखेको अधिकारहरु बाहेक कर्पोरेशनको कार्य संचालन र व्यवस्था सम्बन्धि आफनो अधिकारहरु सबै वा केही मात्रामा महाप्रबन्धक र निज मार्फत निजका अधिकृत सहायकहरुलाई सुम्पन सक्छ ।<br>संचालक समितिले महाप्रबन्धक वा निजको सहायकलाई समितिको कुनै या सबै बैठकमा भाग लिन बोलाउन सक्नेछ तर निजको मत दिने अधिकार हुने छैन ।<br>**संशोधनहरु**<br>५८.(क) यी नियमावली शेयरधनीहरुको साधारण सभामा आफै वा प्रतिनिधिद्वारा उपस्थित भएका शेयरधनीहरुको दुई तिहाई (२/३) बहुमतबाट संशोधन गर्न सकिने छ तर प्रस्तावित संशोधन सभाको सूचनामा राखिएको हुनु पर्दछ । यस्तो संशोधन भएका धाराको एकप्रति संशोधन भएका दश दिन भित्र हरेक | अध्यक्षले तोकेको मिति, स्थान र समयमा बस्नेछ ।<br>(२) सञ्चालक समितिको बैठक कम्तीमा बर्षमा चार पटक बस्नेछ ।<br>(३) बैठकको सूचना सञ्चालकले उल्लेख गरेको ठेगानामा लिखित रूपमा वा विद्युतीय सञ्चार माध्यमबाट दिन सकिनेछ ।<br>(४) सञ्चालकहरूको संख्याको कम्तीमा एकाउन्न प्रतिशत सञ्चालकहरू उपस्थित नभई सञ्चालक समितिको बैठक बस्न सक्ने छैन ।<br>तर गणपूरक संख्या नपुगी सञ्चालक समितिको बैठक हुन नसकेमा कम्तीमा तीन दिनको सूचना दिई अर्को बैठक बोलाउन सकिनेछ । त्यस्तो बैठकमा पनि गणपूरक संख्या नपुगेमा उपस्थित सञ्चालकहरूले गरेको काम कारवाही तथा निर्णय मान्य हुनेछ ।<br>(५) सञ्चालक समितिको बैठकको अध्यक्षता सञ्चालक समितिको अध्यक्षले गर्नेछ ।<br>(६) सञ्चालक समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।<br>(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।<br>(९) समितिको अध्यक्ष तथा सदस्यले समितिको बैठकमा भाग लिए वापत नियमानुसार बैठक भत्ता पाउनेछन ।<br>३९. **सञ्चालक समितिको निर्णयको अभिलेख** : सञ्चालक समितिको बैठकमा छलफल भएको विषय र तत्सम्बन्धमा भएको निर्णयको विवरण (माइन्यूट) को छुट्टै अभिलेख राख्नु पर्नेछ । सो अभिलेखमा अध्यक्ष र सदस्य सचिवले हस्ताक्षर गर्नु पर्नेछ ।<br>**परिच्छेद - ५**<br>**कोष सञ्चालन, लेखा तथा लेखापरीक्षण**<br>४०. **कम्पनीको हिसाब किताब, लेखा तथा लेखापरीक्षण** : (१) यस कम्पनीको लेखा तथा हिसाब किताब प्रचलित कानून अनुसार अधिकार प्राप्त निकायले निर्धारण गरेको लेखामानदण्ड अनुरूप तयार गरिनेछ ।<br>(२) कम्पनीले राख्नु पर्ने सबै हिसाबकिताब प्रतिदिनको कारोबार स्पष्ट देखिने गरी अद्यावधिक रूपमा राख्नुपर्नेछ ।<br>(३) कम्पनीको कारोवारको नियमित रूपमा आन्तरिक लेखापरीक्षण गर्नुपर्नेछ ।<br>(४) कम्पनीको लेखापरीक्षण महालेखा परीक्षकको कार्यालय वा महालेखा परीक्षकको कार्यालयले नियुक्त गरेको लेखा परीक्षकबाट हुनेछ ।<br>(५) कम्पनीको अद्यावधिक हिसाबकिताब कुनै शेयरधनीले निरीक्षण गर्न चाहेमा कार्यालय समयभित्र यथाशीघ्र निरीक्षण गर्न दिनु पर्नेछ । | |

<table>
<tr><th>साविक व्यवस्था</th><th>संशोधित व्यवस्था</th><th>संशोधन गर्नु पर्नाको कारण</th></tr>
<tr><td>शेयरधनीहरुहरु कहां पठाउने छ ।<br>(ख) संशोधन कम्पनी कानून अनुसार भए मात्र लागू हुने छ ।<br>५९. हामी निम्न लिखित व्यक्तिहरुले यस नियमावली अनुसार उपरोक्त कम्पनी खडा गर्ने आफनो इच्छा प्रकट गर्दै आफनो आफनो नाउमा भएको शेयरको संख्या किन्न मन्जूर गरी हस्ताक्षर गरी दिएका छौं ।</td><td>४१. <u>लेखापरीक्षण समिति सम्बन्धी व्यवस्था</u> : (१) कम्पनीले प्रचलित कानून र सम्बन्धित निकायले जारी गरेको, निर्देशनको अनुकूल हुने गरी सञ्चालक समितिले लेखापरीक्षण समितिको व्यबस्था गर्नेछ ।<br>(२) लेखापरीक्षण समिति सम्बन्धी अन्य व्यबस्था सञ्चालक समितिले तोके बमोजिम हुनेछ ।<br><br>परिच्छेद - ६<br><u>विविध</u><br><br>४२. <u>लाभांश सम्बन्धी व्यवस्था</u> : (१) लाभांश वितरण गर्ने निर्णय भएको पैतालिस दिनभित्र लाभांश वितरण गर्नु पर्नेछ, तर कम्पनी सञ्चित घाटामा भएको अवस्थामा कुनै प्रकारको लाभांश बितरण गरिने छैन ।<br>(२) उपनियम (१) बमोजिमको अवधिभित्र लाभांश वितरण नगरेमा दश प्रतिशतका दरले लाभांशको व्याजसमेत थप गरी लाभांशको रकम भूक्तानी गर्नुपर्नेछ ।<br>(३) कम्पनीले प्रचलित कानूनको अधीनमा रही सम्बन्धित निकायको स्वीकृति बमोजिम लाभांश वितरण गर्न सक्नेछ ।<br>(४) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि कम्पनीले शेयरबापत माग गरेको रकम चुक्ता नगर्ने शेयरधनीलाई प्राप्त हुने लाभांश रोक्का राख्न सकिनेछ ।<br>४३. <u>शेयरधनी, डिवेञ्चरवाला, सञ्चालक र पदाधिकारीलाई दिईने तथा निजबाट प्राप्त हुने सूचना</u> : कम्पनीले शेयरधनी, डिवेञ्चरवाला, सञ्चालक वा पदाधिकारीहरूलाई र शेयरधनी वा डिवेञ्चरवालाहरूले कम्पनीका सञ्चालक वा कम्पनीका पदाधिकारीलाई कुनै सूचना वा जानकारी विद्युतीय वा अन्य कुनै माध्यमबाट दिन सक्नेछ ।<br>४४.<u>कम्पनी सचिव</u> : सञ्चालक समितिको सदस्य सचिवले कम्पनी सचिवको रूपमा व गर्नेछ ।<br>४५.<u>कम्पनीको छाप सम्बन्धी व्यवस्था :</u> कम्पनीको छाप प्रमुख कार्यकारी अधिकृतको मातहतमा रहनेछ, जसको प्रयोग कम्पनीको कारोबारको प्रयोजनको लागि गरिनेछ । निजले कम्पनीका अन्य कर्मचारीहरूलाई छापको प्रयोग गर्ने गरी जिम्मेवारी सुम्पन सक्नेछ ।<br>४६. <u>प्रतिलिपि दस्तुर सम्बन्धी व्यवस्था</u> : (१) कम्पनीको प्रबन्धपत्र, नियमावली, वार्षिक आर्थिक विवरण, लेखा परीक्षण प्रतिवेदन, सञ्चालकको लगत, शेयरधनीको दर्ता किताब, दर्ता प्रमाणपत्र वा कम्पनीको तर्फबाट कार्यालयमा पेश गरिएको कुनै लिखतको प्रतिलिपि कुनै शेयरधनी वा अन्य सम्बन्धित सरोकारवालाले माग गरेमा प्रचलित कानून बमोजिम दस्तुर लिई प्रतिलिपि दिनु पर्नेछ ।<br>४७. <u>कम्पनी गाभिने व्यवस्था</u> : यस कम्पनीमा कुनै अर्को कम्पनीलाई वा यस कम्पनीलाई अर्को कुनै कम्पनीमा गाभ्न आवश्यक भएमा कम्पनीको</td><td></td></tr>
</table>

| साविक व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|
| | साधारणसभाले विशेष प्रस्ताव पारित गरी ऐन बमोजिम अर्को कम्पनीलाई गाभ्न वा आफू अर्को कम्पनीमा गाभिन नेपाल सरकार समक्ष सिफारिश गर्न सक्नेछ ।<br>४८. **कम्पनीको खारेजी** : (१) प्रचलित कानूनको अधिनमा रही कम्पनीको साधारणसभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी कम्पनी खारेज गर्न नेपाल सरकार समक्ष सिफारिश गर्न सक्नेछ ।<br>(२) उपनियम (१) बमोजिम कम्पनी खारेज हुने भएमा साधारणसभाले खारेजीको कामका लागि एक वा एकभन्दा बढी लिक्विडेटर तथा लेखापरीक्षकको नियुक्ति गर्नेछ । त्यसरी नियुक्त भएमा लिक्विडेटर तथा लेखापरीक्षकको पारिश्रमिक साधारणसभाले तोकिदिए बमोजिम हुनेछ ।<br>(३) उपनियम (२) बमोजिम नियुक्त लिक्विडेटर तथा लेखापरीक्षकले कम्पनीको खारेजी सम्बन्धी काम कारबाही गर्नेछन् ।<br>४९. **कुनै खास व्यवसाय गर्ने कम्पनीको नियमावलीमा खुलाउनु पर्ने भनी प्रचलित कानूनमा कुनै व्यवस्था गरिएको भए त्यसतो कुरा खुलाउने** : छैन ।<br>५०. अन्य आवश्यक कुरा : (१) प्रदेश तहमा कम्पनीको काम कारवाहीलाई प्रभावकारी बनाउन देहाय बमोजिमको समन्वय समिति गठन गर्न सकिनेछ :-<br>(क) सचिव, प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय — संयोजक<br>(ख) निर्देशक, प्रदेश वन निर्देशनालय — सदस्य<br>(ग) प्रदेश लेखा नियन्त्रक, प्रदेश लेखा नियन्त्रक कार्यालय — सदस्य<br>(घ) कम्पनीको शाखा कार्यालय रहेको जिल्लाको डिभिजनल वन अधिकृत — सदस्य<br>(ङ) प्रदेश पर्यटन, उद्योग, वन तथा वातावरण मन्त्रालयले तोकेको कम्पनीको कामसँग सम्बन्धित एक महिला सहित दुईजना — सदस्य<br>(छ) कम्पनीको सम्बन्धित शाखा प्रमुख — सदस्य-सचिव<br>(२) उपनियम (१) को खण्ड (ङ) बमोजिमको सञ्चालक सदस्यको पदावधि दुई वर्षको हुनेछ ।<br>(३) समितिको बैठकमा आवश्यकता अनुसार अन्य निकाय, सँस्था वा व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।<br>(४) उपनियम (१) बमोजिमको समन्वय समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।<br>(क) प्रदेश अन्तर्गतका कम्पनीका शाखा कार्यालयहरूको वार्षिक बजेट तथा कार्यक्रमहरू तर्जुमा गर्न सहयोग गर्ने ।<br>(ख) कम्पनीको स्वीकृत वार्षिक कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक समन्वय गर्ने । | |

| साविक व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|
| | (ग) प्रदेश अन्तर्गतका राष्ट्रिय वन क्षेत्रभित्र राष्ट्रिय गौरव तथा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना/परियोजनाहरू सञ्चालन गर्दा हटाउनु पर्ने रुखहरूको व्यवस्थापन गर्न समन्वय गर्ने ।<br>(घ) खण्ड (ग) बमोजिम हटाईएका रुख विरुवाको क्षतिपूर्तिबापत गर्नुपर्ने वृक्षारोपण, संरक्षण एवं व्यवस्थापन गर्न समन्वय गर्ने ।<br>(ङ) वन क्षेत्रमा वा घाटगद्दीमा रहेका काठ दाउरा आगलागी वा अन्य कारणबाट नोक्सान भएमा क्षतिको विवरण यकिन गरी कम्पनीमा सिफारिश गर्ने ।<br>(च) कम्पनीको शाखा कार्यालयहरूबाट सञ्चालन भएका हरियाली प्रबर्द्धन, काठजन्य पैदावार उत्पादन तथा बिक्री वितरण गर्ने लगायतका कार्यमा कुनै समस्या उत्पन्न भएमा समस्याको पहिचान गरी समाधानको लागि आवश्यक समन्वय गर्ने ।<br>(छ) काठ दाउराको माग र आपूर्तिको विश्लेषणको आधारमा प्रदेशभित्र काठ दाउराको आपूर्ति तथा अन्य प्रदेशमा काठ दाउरा सिपमेन्टको लागि समन्वय गर्ने ।<br>(५) समन्वय समितिको संयोजक तथा सदस्यले समितिको बैठकमा भाग लिएबापत नियमानुसार बैठक भत्ता पाउनेछन् ।<br>५१. **नियमावली संशोधन भएमा लागु हुने अवस्था** : (१) यस नियमावलीमा कुनै संशोधन गर्नुपर्ने भएमा साधारणसभाबाट विशेष प्रस्ताव पारित गरी स्वीकृतिका लागि नेपाल सरकार समक्ष पेश गर्नुपर्नेछ ।<br>(२) उपनियम (१) बमोजिम संशोधन भएको नियमावली कार्यालयमा अभिलेख भएपछि मात्र संशोधन भएको मानिनेछ ।<br>५२. **नियमावली बाझिएको हदसम्म अमान्य हुने** : यस नियमावलीमा लेखिएका कुराहरू ऐन, प्रचलित अन्य कानून वा प्रबन्धपत्रसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।<br>५३. **संस्थापकले तत्काल लिन कबुल गरेको शेयर संख्या र उद्घोषण** : हामी नेपाल वन कम्पनी लिमिटेडका संस्थापकहरूले नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६/०२/२३ को निर्णय अनुसार पूर्ण सरकारी स्वामित्वको यो कम्पनी संस्थापना गरी प्रचलित कानून बमोजिम संचालन गर्न मन्जुर गरेका छौं । संस्थापक शेयरवाला निकायको प्रतिनिधिको हैसियतले यो नियमावलीमा उल्लेखित हाम्रो नाम, हस्ताक्षर, लिन कबुल गरेको शेयर र साक्षी सम्बन्धी व्यहोरा ठिक साँचो हो, झुठ्ठा ठहरे कानून बमोजिम सहन बुझाउन मन्जुर छ भनी सहीछाप गरेका छौं । | |